# स्थानीय तहको
# असल अभ्यास आदान प्रदान कार्यक्रम

# एकीकृत प्रतिवेदन

११ असोज २०८१








गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा

# विषयसूची


भाग १ ....................................................................................................................3

पृष्ठभूमी, उद्देश्य र कार्यसञ्चालन प्रक्रिया ..........................................................................3

१.१ पृष्ठभूमीः..................................................................................................................3

१.२ कार्यक्रमको उद्देश्यः ....................................................................................................7

१.३ कार्यक्रमको विधि र प्रक्रिया ..........................................................................................8

१.४ खुल्ला छलफलः.........................................................................................................10

१.५ कार्यक्रममा व्यक्त गरिएका मन्तव्यः...............................................................................11

१.५.१ कार्यक्रमका मुख्य अतिथि माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेज्यूको मन्तव्यः.................................. 11

१.५.२ कार्यक्रमका विशेष अतिथि, श्रीमान मुख्यसचिव श्री एकनारायण अर्यालज्यूको मन्तव्य ........................... 12

१.५.३ कार्यक्रम अध्यक्ष, प्रमुख सचिव श्री रघुराम बिष्टज्यूको मन्तव्य ........................................................ 14

भाग २ ....................................................................................................................15

प्रस्तुतीकरण...................................................................................................................15

२.१ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय...........................................................15

अन्तर सरकार समन्वय र सहकार्यः अभ्यास, उपलव्धी र भावी कार्यदिशा................**Error! Bookmark not defined.**

२.२ स्थानीय तहहरुबाट प्रस्तुत गरिएका असल अभ्यास तथा उल्लेखनीय कार्यहरु ..........................................16

क) पोखरा महानगरपालिकाः.................................................................................................. 16

ख) गल्कोट नगरपालिकाः....................................................................................................... 19

ग) बेनी नगरपालिकाः ........................................................................................................... 20

घ) बेशीसहर नगरपालिकाः..................................................................................................... 20

ङ) अन्नपूर्ण गाउँपालिकाः........................................................................................................ 21

च) अर्जुनचौपारी गाउँपालिकाः.................................................................................................. 22

छ) लो-घेकर दामोदरकुण्ड गाउँपालिकाः.................................................................................... 23

ज) जलजला गाउँपालिकाः....................................................................................................... 23

झ) म्याग्दे गाउँपालिकाः.......................................................................................................... 28

भाग ३ ........ 30
समस्या र सुझाव ........ 30
३.१ समस्याहरू ........ 30
३.२ सुझावहरू ........ 35
अनुसूची-१ ........ 37
कार्यक्रमको कार्यसूची ........ 37
अनुसूची-२ ........ 40
कार्यक्रमका सहभागिहरूको उपस्थिति ........ 40
अनुसूची-३ ........ 42
कार्यक्रमको झलकहरू ........ 43

# भाग १

# पृष्ठभूमी, उद्देश्य र कार्यसञ्चालन प्रक्रिया

## १.१ पृष्ठभूमीः

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको लागि मुलूक संघीय शासन प्रणालीमा रुपान्तरण भइसकेको छ । नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था सहित राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने प्रावधान छ । मुख्यतयाः संघीय सरकारले केन्द्रीय नीति, मापदण्ड निर्माण, प्रदेश सरकारले समन्वय, सहकार्य र सहलगानी एवं स्थानीय तहले जनताको सबैभन्दा नजिकमा रहेर सुशासन मार्फत लोकतन्त्रका लाभ (Dividends of Democracy) लाई जनताको घरदैलोमा पुऱ्याउने गरी नीतिगत, संस्थागत एवं प्रक्रियागत प्रबन्ध सहित अगाडि बढेको अवस्था छ । संवैधानिक प्रावधान अनुसार संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वागीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षणका लागि कार्य गर्दै आईरहेका छन्। साथै स्थानीय तह प्रत्येक नागरिकको लागि

सबैभन्दा नजिकको र लोकतान्त्रिक गणतन्त्रको प्रत्यक्ष अनुभूती गराउने सरकार पनि हुन् ।

संघ र प्रदेशले स्थानीय तहलाई वार्षिक योजना तथा बजेट तर्जुमा, स्थानीय तहको अधिकार क्षेत्रको विषयसँग सम्बन्धित समानान्तर कार्यालय खारेज गरी गाउँपालिका तथा नगरपालिकाको विषयगत इकाइ वा शाखाको क्षमता विकास गर्ने, स्थानीय तहको समन्वयमा योजना संचालन गर्ने र स्थानीय तहबाट कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने योजनाहरु संघ र प्रदेशले स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाई श्रोत साधन हस्तान्तरण गर्ने, संघले स्थानीय तहका लागि नमूना कानूनको ढाँचा उपलब्ध गराउने, स्थानीय तहको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने र स्थानीय तहको सशक्तीकरण गर्न अन्य आवश्यक काम गर्नका लागि आवश्यक सहयोग एवं सहजीकरण गर्ने व्यवस्था गरिएको छ ।

संघीयता कार्यान्वयन पश्चात स्थानीय तहको दोस्रो चरणको निर्वाचन भएको पनि तेस्रो वर्ष भइसकेको छ । ८ वटा नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन भइसकेको छ । यस अवधिमा स्थानीय तहहरुले नियमित कार्यका अतिरिक्त धेरै असल अभ्यासहरु (Good Practices) कार्यान्वयन गरेका छन् । नेपालको भौगोलिक, सामाजिक-साँस्कृतिक, भाषिक विशिष्टताका आधारमा विभिन्न स्थानीय तहहरुले आफ्नै पहलमा श्रृजनात्मक (Creative), नवप्रवर्द्धनात्मक (Innovative) र नवीन कार्यहरु गरी नागरिकलाई सेवा पुऱ्याइ शासकीय प्रणालीको बैधतालाई अझ मजबुत बनाएका छन् र विभिन्न जाति, धर्म र सम्प्रदायको साझा फूलबारीको रुपमा रहेको नेपालको विविधता

व्यवस्थापनका लागि स्थानीय तहहरुबाट गरिएका रचनात्मक पहल कदमीहरुको क्षितिजीय (Horizontal) र उर्ध्व (Vertical) रुपमा गरिने आदान प्रदानले आपसी सिकाईलाई खदिलो बनाउनुका साथै राष्ट्रियताको जगलाई अझ मजबुत बनाउँछ ।

संघीयता कार्यान्वयनको चरणमा तीनवटै सरकारका बीचमा विभिन्न खाले समस्या र चुनौतीहरु समेत महसुस गरिएका हुन सक्छन । व्यवस्था परिवर्तनसँगै जनताका उर्लदा चाहानाहरु परिपूर्तिका लागि श्रोतको सीमितताले स्थानीय तहहरुमा विभिन्न कठिनाई एवं चुनौतीहरु देखा पर्नु स्वभाविक पनि हो । यस्तो अवस्थामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा प्रदेशस्तरीय स्थानीय तहहरुको असल अभ्यास आदान प्रदान कार्यक्रम संचालनले आपसमा अनुभव तथा सिकाइको आदान प्रदान भई संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको लक्ष्य प्राप्तिमा मद्दत पुग्न जान्छ ।

सङ्घीयताको सफल कार्यान्वयनका लागि स्थानीय तहहरुको सुदृढीकरणमा प्रदेश सरकारको सहयोग अपरिहार्य रहेको छ । संघीय सशर्त अनुदानको प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम लगायत प्रदेश सरकारको आफ्नै स्रोतवाट समेत स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, समन्वय तथा सहजीकरण

गर्ने, नीतिगत सहजीकरण लगायत विकासात्मक कृयालापहरुमा भूमिका निर्वाह गर्ने कार्यहरु गरिएका छन् ।

असल अभ्यास आदान प्रदान कार्यक्रमले स्थानीय तहहरुबाट सम्पादन गरिएका असल कार्यहरूको आपसी अनुभवको आदान प्रदानबाट सिकाई हस्तान्तरण हुने एवं विभिन्न पालिकाहरुबीच आत्मियता तथा सद्भाव कायम भई संघीय मन्त्रालयको समेत उपस्थिति र सहकार्यमा सहयोग पुगोस भन्ने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो र सौभाग्यवश प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डे र नेपाल सरकारका मुख्य सचिव श्रीमान् एकनारायण अर्यालज्यू समेतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

यसै सन्दर्भमा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा जिल्लास्तरमा उत्कृष्ट अङ्क हासिल गरेका स्थानीय तहहरुको सहभागितामा असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा २०८१ असोज ११ गते पोखरामा श्रीमान् प्रमुख सचिव श्री रघुराम विष्टज्यूको अध्यक्षता, माननीय मुख्यमन्त्री सुरेन्द्र पाण्डेज्यूको प्रमुख आतिथ्यता र श्रीमान मुख्यसचिव श्री एकनारायण अर्यालको विशेष आतिथ्यतामा सम्पन्न गरेको १ दिने असल अभ्यास आदान प्रदान कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन तयार गरिएको हो ।

## १.२ कार्यक्रमको उद्देश्यः

संघ, प्रदेश र स्थानीय सरकारबीच साझा कार्यक्रम संचालन गर्न र विवाद समाधान गर्न अवलम्बन गरिने सिद्धान्त, नीति, कानून, कार्यप्रणाली र संरचना अन्तर तह सम्बन्धको आधार हो । यस आधारलाई मजबुत रुपमा अगाडि बढाउन संघ, प्रदेश र स्थानीय तहबीच आपसी सम्पर्क, समन्वय र सहकार्य गरिनु आवश्यक छ । स्थानीय तहबाट संचालन भैरहेका असल अभ्यास आदान प्रदान कार्यक्रम संचालनबाट संघ, प्रदेश र स्थानीय तहहरुसँग समन्वय, सहकारीता, सहअस्तित्व तथा पारस्परिक सहयोगका आधारमा सम्वन्ध स्थापित गर्न सहजीकरण गर्ने मूख्य उद्देश्य रहेको थियो भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

- स्थानीय तहको प्रतिवेदन प्रणालीलाई चुस्त, छिटोछरितो तथा तथ्यगत बनाउनु,
- एक अर्का स्थानीय तहका कर्मचारीहरुबीचमा सहकार्य, साझेदारी बढाउन समन्वय र सहजीकरण गर्नु,
- असल अभ्यास तथा उल्लेखनीय कार्यहरुको प्रचार प्रसार गर्नु,
- संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ ले संघले स्थानीय तहलाई सहयोग गर्नु पर्ने भनी तोकिएका विषयहरुमा आवश्यक सहजीकरण गर्नु,
- कानुन, योजना, निर्णय निर्माणमा सहजीकरण साथै चुस्त, दुरुस्त, प्रभावकारी प्रशासन निर्माणमा सहजीकरण गर्नु ।

## १.३ कार्यक्रमको विधि र प्रक्रिया

- कार्यक्रममा स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनमा उच्च अंक हासिल गरेका जिल्लागत १/१ वटा स्थानीय तहहरूका प्रमुख र प्रशासकीय अधिकृतहरूलाई आमन्त्रण गरिएको थियो ।

- कार्यक्रमलाई नवीनता प्रदान गर्ने उद्देश्यले ललितपुर महानगरपालिकाबाट समेत असल अभ्यासहरूको प्रस्तुति गर्ने कार्यक्रम निर्धारण गरिएको थियो ।

- गण्डकी प्रदेश सरकारका प्रमुख सचिव श्रीमान् रघुराम विष्टको अध्यक्षता र माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेको अभिभावकत्व सहित नेपाल सरकारका मुख्यसचिव श्रीमान् एकनारायण अर्यालको समुपस्थिति रहेको थियो ।

- कार्यक्रममा पहिलो प्रस्तुति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट स्थानीय तह समन्वय महाशाखाका उपसचिव श्री रेशमलाल कंडेलबाट भएको थियो ।

- छनौटमा परेका स्थानीय तहहरूलाई प्रस्तुतीकरणको नमूना ढाँचा सहित पत्राचार गरिएको थियो भने फोनबाट समेत सम्पर्क गरिएको थियो ।

- कार्यक्रममा पोखरा महानगरपालिका लगायत क्रमशः गल्कोट, बेनी, बेशीसहर नगरपालिका र शहीदलखन, म्याग्दे, अन्नपूर्ण, लोघेकर

दामोदर कुण्ड, अर्जुनचौपारी, जलजला गाउँपालिकाले आआफ्ना असल अभ्यास प्रस्तुत गरेका थिए ।

- अघिल्लो रात (असोज १० गते) देखि निरन्तर भैरहेको वर्षाका कारण ललितपुर महानगरपालिका, कावासोती नगरपालिका र चामे गाउँपालिकाको कार्यक्रममा सहभागिता हुन सकेन ।

- कार्यक्रममा माननीय मुख्यमन्त्रीज्यू, श्रीमान् मुख्यसचिवज्यूबाट सम्बोधन भएको थियो भने श्रीमान् प्रमुख सचिवज्यूबाट धन्यवाद सहित समापन भएको थियो ।कार्यक्रममा सहभागीहरूलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखाका श्रीमान् सचिव केशवराज ढकालले स्वागत सहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सञ्चालन उपसचिव श्री टीकाराम पौडेलले गर्नुभएको थियो ।

- कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका श्रीमान् सचिवज्यूहरू क्रमशः धर्मराज कुइकेल र बाबुराम गौतम र प्रदेश लेखा नियन्त्रक श्री किशोर कुमार श्रेष्ठको सहभागिता रहेको थियो ।

- कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका स्थानीय तह समन्वय शाखाका प्रमुख उपसचिव श्री रेशमलाल कंडेलले **"अन्तर सरकार समन्वय र सहकार्यः अभ्यास, उपलब्धी र भावी कार्यदिशा"** सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

- स्थानीय तहहरूको प्रस्तुतीकरण पोखरा महानगरपालिकाबाट निमित्त प्रशासकीय अधिकृतबाट शुरू गरिएको थियो र क्रमशः अरू स्थानीय

तहका प्रमुख प्रशासकीय अधिकृत एवं प्रतिनिधिहरूले प्रस्तुतीकरण गर्नुभएको थियो ।

- स्थानीय तहको प्रस्तुतीकरण पश्चात सहभागीहरूको जिज्ञाशा, सुझावका र छलफलका लागि सत्र खुल्ला गरिएको थियो ।

## १.४ खुल्ला छलफलः

- खुल्ला छलफलमा गल्कोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत, वेशीसहर नगरपालिकाका नगरप्रमुख, गल्कोट नगरपालिकाका नगरप्रमुख, म्याग्दे गाउँपालिकाका अध्यक्ष, शहीद लखन गाउँपालिकाका अध्यक्षबाट जिज्ञाशा तथा सुझावहरू राख्नुभएको थियो ।

- उहाँहरूले प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी रिक्त रहेकोले कार्यसञ्चालनमा बाधा पुगेको, प्रदेशलाई ढुङ्गा, गिट्टी बालुवाको रकम (राजश्व) विभाज्य कोषमा जम्मा गर्दा अन्तिम लेखापरीक्षण गर्दा बेरूजु लेखेको, वर्षायाममा पहाडी स्थानीय तहहरूले नदिजन्य पदार्थको संकलन गर्न पाए राजश्व बढ्न सक्ने, कानून निर्माणको लागि जनशक्ति, संगठन व्यवस्थापन सर्भेक्षण बारे द्विविधा, संघले नै स्थानीय तहलाई एकीकृत प्रणाली उपलब्ध गराउँदा सहज र प्रभावकारी हुने, प्रदेशका जिल्ला स्थित कार्यालय खारेज गरी स्थानीय तहका महा/शाखाको क्षमता बढाउनु पर्ने (Principle of Subsidiarity) कार्य हुनपर्ने, वित्तीय संघीयता कार्यान्वयन पक्ष कमजोर रहेको आदि विषय उठाउनु भएको थियो ।

## १.५ कार्यक्रममा व्यक्त गरिएका मन्तव्यः

### १.५.१ कार्यक्रमका मुख्य अतिथि माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेज्यूको मन्तव्यः

- माननीय मुख्यमन्त्रीज्यूले स्थानीय तहका असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रमले महत्वपूर्ण ज्ञान प्राप्त गरेको महसुस भएको साथै यो कार्य सबै निकायहरूका लागि उदाहरणीय भएको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा उत्कृष्ट भइ छनौटमा परेका र नपरेका सबै तहका निकायहरू बीच पनि सञ्चालन गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो। संघीयताका मुख्यमुख्य संयन्त्र इकाईहरू संघ, प्रदेश र स्थानीय तह भएको र यी सबै तहका जनप्रतिनिधिहरूको पहिलो कर्तव्य भनेको जनताको लागि सुशासनको प्रत्याभूति गर्ने नै हो। अहिले सिङ्गो मुलुक नै सङ्कटमा रहेको र सीमित स्रोत साधनका कारण जनताले चाहे जस्तो सेवा सुविधा पाउन नसकेको अवस्थाले गर्दा जताततै असन्तुष्टि नै असन्तुष्टि देख्ने सुन्ने गरेको हुँदा यसलाई चिर्न र संघीयताका विरुद्ध उठेका सवालाहरूको जवाफ दिन पनि गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिनु पर्ने कुरामा विशेष जोड दिनुभएको थियो।

- कतै कानुनको अभावका कारण कतै भएका कानुनको कार्यान्वयनको अभावमा समस्या भएको कुरा यथार्थ भएको बताउनुहुंदै सो समस्याको समाधान गर्ने। निराकरण गर्ने सम्बोधन गर्नका लागि भरमग्दुर प्रयासमा तिनैतहका सरकारहरू सक्रियतापूर्वक लागी रहेको व्यहोरा अवगत गराउनुभएको थियो। संविधान घोषणा भएको १ वर्षभित्र संविधान बमोजिम आवश्यक कानुन निर्माण गरिनेछ कानुन निर्माण गर्न नसकिए यस अघिका शासकीय कानुनहरू स्वतः निष्क्रिय हुनेछ भनी संविधान घोषणा भएका बखत संविधानमै प्रष्ट उल्लेख गरिएको व्यहोरा अवगत गराउनुहुंदै संघीय सरकारले राज्य

सञ्चालनका अत्यावश्यक कानुनहरू यथाशीघ्र निर्माण गर्नुपर्ने र कार्य विस्तृतीकरण प्रतिवेदन धेरै समय अड्किएर बसेको र सो प्रतिवेदनमा संविधामा लिखित प्रावधानहरूमा पनि संघ प्रदेश स्थानीय तहहरूका साझा एकल संयुक्त अधिकारहरू संकुचन गरिएको पाइएकाले त्यसरी संकुचन गर्न नहुने कुरामा विशेष जोड दिनुभएको थियो।

- गण्डकी प्रदेश सरकरले कर्मचारीको वृत्ति विकासका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन तथा नियमावली ल्याएको र सोही अनुसार कर्मचारी नियुक्ति सरुवा बढुवा गरी रहेको, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत स्थानीयतहहरूमा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरेको र हालै स्थानीय तहहरूमा न्यायिक सहजीकरणका लागि सहजकर्ता नियुक्तिको प्रक्रिया पनि अन्त्यअन्त्यमा पुगिसकेको जानकारी गराउनु हुंदै जनताले सरकार जनतासँगै रहेको महसुस गर्न पाउनुपर्छ। जनताले अनुभव गर्न सक्ने गरी समस्याको सम्बोधन गर्नुपर्छ भन्नुहुंदै एउटा पालिकाले गरेको काम अर्को पालिकाका लागि नयाँनौलो वा मिल्दोजुल्दो हुनुसक्छ। एउटा पालिकाको नयाँनौलो कार्य अर्को पालिकाको लागि नवप्रवर्तनात्मक कार्य हुन सक्छ र जराधारका समस्याहरू बुझिसकेपछि प्रशासनिक संघीयताका समस्या समाधानका उपायहरू खोज्न सजिलो हुने विश्वास लिएको कुरामा जोड दिनुभयो।

### १.५.२ कार्यक्रमका विशेष अतिथि, श्रीमान मुख्यसचिव श्री एकनारायण अर्यालज्यूको मन्तव्य

- विशेष अतिथिको आसनबाट बोल्नुहुंदै श्रीमान मुख्यसचिव श्री एकनारायण अर्यालज्यूले वर्तमान व्यवस्था र परिस्थिति अनुसार कर्मचारीले कार्यशैलीमा सुधार ल्याउनुपर्ने कुरामा जोड दिनुभएको थियो। हाम्रो देशको संघीय शासन प्रणालीले समन्वय, सहकार्य र सहअस्तित्व आत्मसात गरेको छ। संविधानमा

राज्यशक्तिको स्रोत साधन परिचालन गर्ने अधिकार संघ, प्रदेश र स्थानीय तहमा निहित रहेको उल्लेख गरिएको छ। यसैले समन्वय सहकार्य र सहअस्तित्व संघीयताको मर्म हो, संविधानको मूल मर्म हो । यसलाई हामी सबैले मनन गर्नुपर्छ। संघीयता फुलाउने, फलाउने, फस्टाउने कार्यका लागि संघीय सरकार प्रदेश सरकार र स्थानीयतहहरू सक्रिय भएर लागिरहेको पाइन्छ। यसैको एक ज्वलन्त उदाहरण गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना गरेको आजको यो स्थानीय तहका असल अभ्यास कार्यक्रम देखिएको भनी कार्यक्रमको प्रशंसा गर्नुहुंदै गण्डकी प्रदेश सरकार अन्य प्रदेशभन्दा अगाडि रहेको छ भन्ने कुरा आफ्नै आँखाले देखेर महसुस गर्न पाउँदा गर्व लागेको कुरा व्यक्त गर्नुभएको थियो। संविधानमा व्यवस्था भएअनुसार संघ, प्रदेश र स्थानीय तहका एकल, साझा अधिकारहरूमा देखिएका शून्यता एवं असामञ्जस्यताका कुराहरू अभ्यास गर्दै सिक्दै आवश्यकता अनुसार संशोधन गर्दै जानुपर्ने देखिन्छ र सोको क्रममा असामञ्जस्यताका कुराहरू संशोधनका लागि तयार पारिएको विधेयक संसदको राजनीतिक समितिमा पुगेको, लामो समयसम्म प्रतीक्षामा रहेको निजामती सेवा ऐन राज्य व्यवस्था समितिमा उच्च प्राथमिकतामा रहेको हुँदा छिट्टै स्वीकृत हुने अवस्थामा पुगेको व्यहोरा अवगत गराउनुभएको थियो।

- विशेष अतिथि मुख्यसचिवज्यूले संविधानले व्यवस्था गरे अनुरूप संघ, प्रदेश र स्थानीय तहहरूले प्रशासनिक संघीयता सबल बनाउन पनि सरकारहरू बीचको सम्बन्ध कसेर बलियो बनाउनु पर्ने कुरामा जोड दिनुभएको थियो। राष्ट्रसेवक कर्मचारीले जनताप्रतिको उत्तरदायित्व के हो सो मनन गरेर दत्तचित्तले सेवा दिनुपर्छ। कर्मचारीले कुनै पनि बहानामा सेवा दिन्न, हुन्न, गर्दिन, मिल्दैन भन्ने छुट पाउँदैन। कर्मचारीको कामको मूल्याङ्कन, वृत्ति विकास आदि गर्नका लागि राज्यले के गर्नुपर्छ, सो राज्यले गर्ने विश्वास पनि दिलाउनुभएको थियो। कहीं कतै जनप्रतिनिधि र कर्मचारी बीचको द्वन्दले पनि जनताले दुख

पाइरहेको गुनासो सुनेको पाइन्छ। यसो गऱ्यौं भने व्यवस्थालाई असहयोग गरेको ठहरिन्छ। यदि यसो हो भने हामी संघीयताको गन्तव्यमा पुग्न सक्दैनौं भन्नुहुंदै कर्मचारी देशको सेवामा अनुशासित, मर्यादित र कर्तव्यपरायण हुनुपर्ने कुरामा जोड दिनुहुंदै कार्यक्रममा निम्तो दिएर सहभागी गराउनुभएकोमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यू लगायत सबैलाई हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्नु भएको थियो।

### १.५.३ कार्यक्रमका अध्यक्ष एवं प्रमुख सचिव श्री रघुराम बिष्टज्यूको मन्तव्य

- स्थानीय तहका असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम गरेर एक उदाहरणीय कार्य गरेको र यसले संघीय शासन व्यवस्थाका तीनवटै तहका सरकारहरू एकै ठाउँ भेला भएर आआफ्ना समस्याहरू राख्ने र एकअर्कालाई बुझ्ने जुन उद्देश्य थियो त्यो पूरा गरेको कुरा अध्यक्षताको आसनबाट मन्तव्य दिनुहुंदै प्रमुख सचिव श्रीमान् रघुराम बिष्टज्यूले बताउनु भयो। उहाँले यसकार्यलाई लिपिबद्ध गर्ने र सम्बन्धित सबै निकायहरू: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समन्वय इकाइ समिति) र सातै प्रदेशका सम्बन्धित निकायहरूमा समेत पठाइ यसलाई अझै व्यापक बनाइने व्यहोरा अवगत गराउनुभयो।
- स्थानीयतहहरूले मातृभाषा संरक्षणका लागि शिक्षकको व्यवस्था गरेको, मातृभाषा पाठ्यक्रम सामुदायिक र निजी दुवै किसिमका विद्यालयहरूमा लागू गरेको, निशुल्क आँखा शिविर, मोतिया बिन्दु अप्रेसन, गर्भवती महिलाहरूका लागि घरघरमै भिडियो एक्सरे सेवा पुऱ्याएको कुरालाई प्रशंसा गर्नुभएको थियो।
- सार्वजनिक सेवाको प्रत्याभूति दिन जनतामा सुशासनको महसुस गराउन सरकार कटिबद्ध भएर लाग्नु पर्ने कुरामा जोड दिनुपर्ने, पर्याप्त आर्थिक स्रोत

भएमा मात्रै स्वाबलम्बी एवं स्वायत्तता अनुभव गर्न सकिने हुँदा सरकारहरूले आन्तरिक आयवृद्धिमा विशेष पहल गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो।

- भविष्यमा यसरी स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा उत्कृष्ट भइ छनौटमा परेका र नपरेका स्थानीय तहहरूबीच पनि यसरी नै असल अभ्यास अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गर्नुहुंदै व्यस्त समय, प्रतिकूल मौसमका बावजूद पनि काठमाडौंबाट पोखरासम्म आएर कार्यक्रमको गरिमा बढाइ दिनुभएकोमा श्रीमान् मुख्यसचिवज्यू र माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूलाई विशेष आभार एवं धन्यवाद व्यक्त गर्नुभएको थियो।

# भाग २

# प्रस्तुतीकरण

## २.१ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### क) अन्तर सरकार समन्वय र सहकार्यको सन्दर्भमा भएका उपलव्धी

- सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय तथा अन्तरसम्वन्ध ऐन लगायत १६५ वटा कानूनहरु निर्माण/संशोधन, (स्रोतःप्र.तथा म.प. का.),
- कार्यविस्तृतीकरण कार्यान्वयनमा तथा थप विस्तृतीकरण,
- वैदेशिक सहायताका कार्यक्रम संचालन मार्गदर्शन,
- तीनै तहको कार्यक्रममा एकरुपता ल्याउन कार्यक्रम संचालन मार्गदर्शन,
- तीन तहले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण,
- राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को वैठकमा प्रदेश र स्थानीय तहहरुको सहभागिता,
- प्रशासनिक समन्वयका लागि मुख्यसचिवको संयोजकत्वमा सातवटै प्रदेशका प्रमुख सचिवहरुसहितको प्रशासनिक समन्वय परिषद् गठन

### ख) सङ्घीयता कार्यान्वयनमा मन्त्रालयले खेलेको भूमिका

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन-LISA
- स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन,-FRA
- स्थानीय तह आर्थिक विकास मूल्याङ्कन-LEDA
- नवप्रवर्तन साझेदारी कोष- IPF
- स्थानीय तह GESI परीक्षण GRB जस्ता विकास र सुशासनका औजार थालनी,
- स्थानीय तहको अन्तर्राष्ट्रियस्तरमा भगिनी सम्बन्ध स्थापना ।
- सूत्र प्रणालीको कार्यान्वयनमा सहयोग,
- सवै प्रदेशमा आवधिक योजना निर्माण,
- मध्यकालीन खर्च संरचनालाई आवधिक योजना, आयोजना बैंक, दीगो विकास लक्ष्य र वार्षिक कार्यक्रमबीच तादाम्यता कायम गराउन सहयोग,
- जिल्ला समन्वय समितिबाट हुने स्थानीय तहको अनुगमनको विद्युतिय प्रणाली स्थापना,
- बालमैत्री स्थानीय शासन
- वातावरण मैत्री स्थानीय तह
- पोषणमैत्री स्थानीय तह
- युवामैत्री स्थानीय तह,
- अपाङ्गमैत्री स्थानीय तह
- वडाबाट हुने सिफारिसको प्रक्रिया र ढाँचा प्रदान,
- स्थानीय तहलाई समेत सहयोगी हुने गरी व्यवस्थापन परीक्षण सूचकको निर्धारण,
- कानून पालना गर्न सूचित गर्ने (तोकेको समयमा बजेट, प्रतिवेदन गर्न)
- स्थानीय तहको परियोजनामा जग्गा प्राप्तिमा सहजीकरण

## २.२ स्थानीय तहहरुबाट प्रस्तुत गरिएका असल अभ्यास तथा उल्लेखनीय कार्यहरु

### क) पोखरा महानगरपालिकाः

- SUTRA प्रणालीबाट राजश्व संकलन गर्ने कार्यको सुरुवात गरिएको,

- मालपोत, सम्पत्ति तथा व्यवसायिक कर Online प्रणालीबाट भुक्तानी गर्न मिल्ने व्यवस्था गरिएको (E-sewa & Connect IPS)
- खर्च प्रणालीलाई छिटो छरितो बनाउन महाशाखा तथा वडा कार्यालय (४२ वटा खर्चकेन्द्रबाट) खर्च गर्ने व्यबस्था मिलाईएको ।
- EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी गर्ने कार्य पूर्णरुपमा लागू गरिएको ।
- Online घर नक्सा पास प्रणाली EBPS प्रणाली लागु गरिएको ।
- पुराना घर नक्सा सम्बन्धी अभिलेख लाई Digitalization गरी Online System लागू गरिएको ।
- विरामीहरुको Recording, Reporting & Monitoring का विधुतीय प्रणाली EHIMS (Electronic Health Information Management System) लागू गरिएको ।
- स्वास्थयसंस्था जन्य फोहोरमैला मापदण्ड बमोजिम व्यावस्थापन गर्ने कार्यको सुरुवात गरिएको ।
- रोजगार तथा उघमशिल तालिम प्रदान गरिएको ।
- कृषि एम्बुलेन्स सञ्चालन गरिएको ।
- स्थानीय उत्पादित मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्यमा अनुदान भुक्तानी गरिएको ।

**पूर्वधार विकास अन्तर्गत-**

- विश्व बैंकको अनुदान सहयोगमा तालचोक-बेगनास ३ कि मी,शिशुवा सिसाघाट ४ कि मी, बाघमारा-लामगाडी -पुँडीटार लामेआहाल १२ कि.

मी. सडक निर्माणका लागि रु १ अर्व ९० करोड मा सम्झौता भई कार्य भइरहेको ।

- ३५ कि.मी आस्फाल्ट/कालोपत्रे सडक तथा ग्राभेल तर्फ ७ कि.मी गरी जम्मा ४२ कि.मी सडक निर्माण गरिएको ।
- सार्वजनिक निजि साझेदारिमा डेविजफल्स सिसा पुल तथा सेती गर्जमा क्यान्टिलिभर निर्माण गर्न निजि क्षेत्र संग सम्झौता गरिएको ।
- ३० वटा वडा कार्यालयहरुको आफ्नै भवन निर्माण सम्पन्न भएको ।

**पर्यटन विकास अन्तर्गत**

ए .डी .वी .को अनुदान सहयोगमा ८ वटा पर्यटकीय पूर्वाधार आयोजना निर्माणका लागि MOU भइ DSC छनौटको प्रक्रियामा रहेको ।

आर्थिक विकास अन्तर्गत-

- रोजगार तथा उघमशिलता तालिम प्रदान ।
- कृषि एम्बुलेन्स सञ्चालन ।
- एक सहकारी एक उत्पादन ।
- स्थानीय उत्पादित मुख्य कृषि उपजको न्युनतम समर्थन मूल्यमा अनुदान भुक्तानी ।

सामाजिक विकास अन्तर्गत-

- पोखरा महानगरपालिका लाई २०८१ जेठ १५ गते पूर्ण खोप घोषणा ।
- गण्डकी बहुप्राविधिक शिक्षालय स्थापना।
- सुरक्षित आप्रवासन (Safer Migration–SaMi) कार्यक्रम सञ्चालन।
- उप-प्रमुखसंग महिला कार्यक्रम।

ख) गल्कोट नगरपालिकाः

- २०८० जेठ १३ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीज्यूबाट नेपालको २१ औ गण्डकी प्रदेशको तेस्रो र बागलुङ जिल्लाको पहिलो वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएको ।
- सि.सि. क्यामेरा जडानमार्फत नागरिकको शान्ति सुरक्षा र निगरानीमा सहजता भएको ।
- नगरपालिकाले ७ प्रतिशत र कृषकले ३ प्रतिशत व्याज व्यहोर्ने गरी सहकारी संस्थाको साझेदारीमा व्याज अनुदान कार्यक्रम मार्फत २०० नयां कृषि तथा पशु फर्म स्थापना र विकास गरिएको ।
- नगर प्रमुख शैक्षिक छात्रवृत्ति कोष स्थापना र सञ्चालन
- नगर प्रमुख मातृशिशु पोषण कार्यक्रम अन्तरगत स्वास्थ्य चौकीमा नियमित गर्भ जाँच गर्न गर्भवती महिलाहरुलाई रु.४५०० बराबरको रकम उपलब्ध गराइएको ।
- जेष्ठ नागरीक स्वास्थ्य परीक्षण ।
- गलकोट नगर अस्पतालमा बिशेषज्ञ चिकित्सक, १५ बेडको Indoor, डेन्टल सर्जनबाट डेन्टल सेवा, अत्याधुनिक प्रयोगशाला स्थापना तथा CEONC सेवा सञ्चालनका लागि पूर्वाधार तयारी भएको ।
- विपन्न नागरिक र ग वर्गका अपांगको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन ।
- अनलाईन ई-सेवा मार्फत कर भुक्तानी गर्ने व्यवस्था गरिएको ।
- बजार अनुगमन गरेर व्यवसायको वर्गिकरण गरी यवसायीहरुलाई व्यवसाय दर्ता र नविकरणमा सरलीकरण गरिएको ।
- नगरपालिकाको आफ्नै पहलमा एम.डि.जि.पि. डाक्टर सहित स्थानीय स्तरमै विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने गरिएको ।

- सहकारी संस्था संगको साझेदारीमा कृषि हाटबजार स्थापना र संचालन गरिएको ।
- कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम मार्फत कृषि उत्पादनमा प्रोत्साहन ।
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गरी कृषि उपज खरिद गर्ने कार्यको शुरुवात ।
- वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका दिगोपनाको लागि कार्यक्रम संचालन ।

**ग) बेनी नगरपालिकाः**

- Socio-economic Vulnerability Information Management System (SEVIMS) सफ्टवेयर प्रणाली निर्माण र सञ्चालन,
- ज्येष्ठ नागरिक र अशक्तको सेवामा घर घरमा स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन
- नसर्ने रोगको प्रारम्भिक जाँच (Non-communicable Disease Screening)
- शान्तिवाटिकाको निर्माण प्रारम्भ (द्वन्दकालीन म्याग्दी घटना स्मारिका)
- आमा समूहसँग उपप्रमुख कार्यक्रम
- विद्यार्थी केन्द्रित we can do कार्यक्रम सञ्चालन
- हुक्का निषेध र सुर्तिजन्य पदार्थ नियमन

घ) बेशीसहर नगरपालिकाः

- ६ वटा वडाहरु बालमैत्री वडा घोषणा भएका ।
- गाउँको उत्पादनको बजार पहुँचको लागि कृषि एम्बुलेन्स खरीद ।
- मर्स्याङ्दी कोरिडोरको अन्तरपालिका समन्वय संयन्त्र निर्माण र साझा सवालका एजेण्डामा छलफल ।

- बेसीशहर बजार क्षेत्रको सडक सरसफाईमा स्वयं घरवालाहरु नै परिचालित हुने गरेका । कुचीकारहरु नहुँदा पनि बजार क्षेत्र स्वच्छ र सफा रहने गरेको ।
- मेयर शैक्षिक सुधार कार्यक्रम सञ्चालन
- कार्यपालिका बैठकको निर्णयहरु सार्वजनिक गर्ने गरिएको ।
- जेष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा घरदैलो सेवा प्रदान गरिएको ।
- ग वर्गको अपाङ्गता भएकाहरुलाई विमा र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- १०० जना विपन्न गोरुपालक कृषकहरुलाई प्रोत्साहन गरिएको ।

ङ) अन्नपूर्ण गाउँपालिकाः

- सम्पूर्ण राजस्व संकलन केन्द्रहरु मा QR कोड बाट Connect IPS मार्फत राजस्व भुक्तानी गर्न सकिने गरी ब्यवस्था मिलाइएको।
- स्वास्थ्य बिमा कार्यक्रम ३४.८७ % घरपरिवार संलग्न
- गाउँपालिका भित्र ज्येष्ठ नागरिक मैत्री स्वास्थ्य शिविर
- बिरामीलाई प्रेषण गरी पठाउने अवस्थामा रकम अभावको कारण उपचार ढिलो हुन नदिन बिरामी उपचार कोष स्थापना र सञ्चालन। (१०,०००/-)
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण
- नियमित सार्वजनिक परीक्षण
- एकिकृत पर्यटन सूचना केन्द्र
- कृषि उत्पादनका आधारमा प्रोत्साहन अनुदान कार्यक्रम
- पशु आहार व्यवस्थापन कार्यक्रम

- एक घर एक करेसाबारी, करेसाबारी स्थापनाका लागि आवश्यक कृषि सामाग्रीहरु वितरण / तालिम
- कृषि जैविक विविधता संरक्षण कार्यक्रम
- जैविक विविधता मेला,
- फिल्ड जिन बैंक र जैविक विविधता प्रदर्शनी स्थल स्थापना
- माछापुच्छ्रे र छोमरोङ जातको धानको बिउ उत्पादन कार्यक्रम
- गुरुङ भाषा कक्षा (१-५) सञ्चालन
- पढ्दै कमाउँदै कार्यक्रम
- सुत्केरी सट्टा शिक्षक ब्यवस्था
- अनलाइन प्रणालीबाट योजना सम्झौता अनुगमन र भुक्तानी गरिएको
- शिविर सञ्चालन गरी वडा कार्यालयहरूमा गई योजना सम्झौता र भुक्तानी गर्ने गरिएको
- रु १० लाख भन्दा माथिका योजनाहरू E-Bidding गरी ठेक्का मार्फत कार्यान्वयन गर्ने गरिएको
- रु ५ लाख भन्दा माथिका योजनाहरूको प्राविधिक पक्षको ल्याब परीक्षण पश्चात् मात्र भुक्तानी गर्ने गरिएको
- वडा कार्यालयहरूमा योजना भुक्तानीका कागजात संकलन गरी वडा सचिव मार्फत कार्यालयमा ल्याई समितिको खातामा रकम ट्रान्सफर गर्ने गरिएको
- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
- तितेपाती खेती पकेट क्षेत्र कार्यक्रम

च) अर्जुनचौपारी गाउँपालिकाः

- आन्तरिक स्रोत/आय बढाउन करको दायरा बढाइएको ।
- मोटेरबाटोको पहुँचमा सबैलाई पुऱ्याउने कार्य ।
- शिक्षा र स्वास्थ्यमा विशेष प्राथमिकता ।

- अति विपिन्न ७८४, आमा समूहका सदस्य ८१० जनालाई सेयर लगानीमा पहुँच पुऱ्याउने हेतुले विउ पुँजी प्रदान गरिएको ।
- गाउँ गाउँमा स्वास्थ्य सेवा ।
- सुरक्षा निकायमा भर्ती हुने ईच्छुकहरुको लागि निःशुल्क ट्रेनिङ्ग तथा कोचिङ्ग कक्षा ।
- कर सहायता कक्ष स्थापना ।
- अशक्त, असाहाय्य,सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा ।
- आँखा उपचार केन्द्र स्थापना ।
- ५ लाख भन्दा माथिका योजनाको Lab Test अनिबार्य ।
- मदिरा नियन्त्रण ऐन लागु भई निश्चित समयभन्दा बाहिर मदिरा बेच्न रोक।
- कार्यपालिका सदस्य मुल्यांकन ।
- उज्यालो अर्जुनचौपारी गाउँपालिका बनाउने अभियान ।

छ) लो-घेकर दामोदरकुण्ड गाउँपालिकाः

- USG Machine खरिद गरी ल्याब संचालन
- Charang Rural Eye Centre स्थापना गरी संचालनमा ल्याइएको
- एकिकृत कार्यालय व्यवस्थापन प्रणाली मार्फत कार्यालयको दर्ता, चलानी, सिफारिस जस्ता प्रशासनीक कार्यहरु सहज बन्दै गएको।
- योजना व्यवस्थापन प्रणाली कार्यान्वयनमा रहेको ।

ज) जलजला गाउँपालिकाः

- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनमा (LISA) ८६ र वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा (FRA) ७९ अङ्क हासिल भई जिल्लामा उत्कृष्ठ पालिका बन्न सफल भएको। साथै (LISA) मा नेपालका ४६० गाउँपालिका

मध्ये चौथौं स्थान र ७५३ पालिका मध्य पन्ध्रौं स्थान हासिल गर्न सफल भएको ।

- एकिकृत परिक्षा प्रणालि संचालन सहित हरेक त्रैमासिक परिक्षाको नतिजा बिश्लेषण गर्ने गरिएको ।
- गाउँपालिकामा रहेका विद्यालयहरुमा विद्यार्थीको संख्या अनुसार विद्यालय तथा कक्षाकोठा समायोजन गरिएको। गत आ.वमा ७३ कक्षा कोठा समायोजन गरिएको ।
- गाउँपालिका मार्फत संचालन गरिने एकिकृत परिक्षाको बिस्तृत नतिजा बिश्लेषण गरी कमजोर बिद्यार्थीहरुलाई बिहान, बेलुका तथा बिदाका दिनहरुमा उपचारात्मक कक्षाकोठा संचालन गरी अध्यापन गराउने गरिएको ।
- नतिजा बिश्लेषण पच्शात विभिन्न विद्यालयको शैक्षिक अबस्था हेरी उक्त विद्यालयको शैक्षिक सुधार गर्नका लागि शिक्षकहरुलाई Target Based Goal दिने गरिएको ।
- गाउँपालिकाको भैगोलिक अबस्था हेरी विद्यार्थीको संख्याका आधारमा शिक्षक मिलान गरिएको ।
- प्रबिधिमैत्री शिक्षालाई मध्यनजर गर्दै गाउँपालिकाले आफ्नै शिक्षा एल.एम.एस प्रणाली निर्माण गरि बाल कक्षामा स्मार्ट टिभि र आधारभूत तथा माध्यामिक विद्यालयमा स्मार्ट बोर्ड मार्फत शिक्षा प्रदान गर्ने गरिएको।
- खस्कदो शैक्षिक अवस्थाको स्तरोन्नतीका लागि शैक्षिक क्षेत्रको विकासलाई अभियानका रुपमा लिइ नियमित शैक्षिक अन्तर्क्रिया, अभिभावक शिक्षा, उपलब्धि मापन विशेष परीक्षा, आइ सि टी कक्षा, प्रतियोगिता जस्ता कार्यक्रमहरु अगाडि बढाईएको।

- टोलविकास संस्था मार्फत प्रत्यक्ष श्रमदान, असल उद्यमी निर्माण, आनिबानी परिर्वतन जस्ता रुपान्तरणीय सामाजिक परिचालनका कार्यक्रमहरु संचालन ।
- "राष्ट्रिय हात्तिपाइले रोग निवारण" अभियानमा गाउँपालिकाको उत्कृष्ट भुमिका रहेकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत सम्मान प्राप्त ।
- गाउँपलिकाका समग्र जनताले गाउँपालिकाद्वारा संचालनमा ल्याईएको एम्बुलेन्सको अवस्था तथा रियल टाईम लोकेसन हेर्नका लागि www.gps.jaljalamun.com सूचना प्रणाली कार्यान्वयनमा ल्याईएको ।
- भू-उपयोग क्षेत्र वर्गीकरण कार्य सम्पन्न भई जग्गाको कित्ताकाट सम्पन्न भएको ।
- स्थानीय पाठ्यक्रम लागू गरिएको ।
- वडा वडामा घुम्ती शिविर मार्फत व्यवसाय दर्ता तथा नवीकरण, भूमि तथा सम्पत्ती कर संकल्न, योजना सम्झौता तथा स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न । (झण्डै १३ लाख राजश्व संकलन, ४१९० जनाले लाभ लिनुभएको)
- आलु पकेट कार्यक्रमवाट अपेक्षा भन्दा बढी आलु विउ उत्पादन भएको र गाउँपालिकाले उक्त आलु बिक्री बाट २९ लाख आम्दानी गरेको।
- स्थानीय जातका गाईगोरु/हल गोरु संरक्षणका लागि प्रोतसाहन कार्यक्रम संचालन गरिएको ।
- राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका २५ जना महिलाहरुलाई सिप तथा व्यावसायिक विकास तालिम प्रदान गरी २६००० का दरले खाता मार्फत बिउपूँजी रकम उपलब्ध गराइएको।
- सम्पूर्ण वडामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको ।

- SUTRA Revenue पूर्ण रुपमा कार्यन्वयनमा ल्याईएको ।
- शिक्षा सिकाई लाई प्रभावकारी बनाउन शिक्षा एल.एम.एस मार्फत अध्यापन कार्य अगाडि वढाईएको ।(उक्त कार्य गर्ने नेपालकै पहिलो पालिका)
- गाउँपालिकामा रहेका विद्यालयमा शिक्षक र बिद्यार्थीको आधारमा विद्यालय समायोजन गरिएको ।
- गाउँपालिकामा रहेका ४४ बिद्यालय मध्ये १० माध्यामिक बिद्यालयलाई लिडर मानी, सम्बन्धित माध्यमिक बिद्यालयका क्षेत्र तथा वडा भित्र रहेका आधारभूत बिद्यालयलाई फिडरका रुपमा लिई मासिक रुपमा शैक्षिक कार्यक्रम तथा गतिबिधि गर्ने गरिएको ।
- गाउँपालिकाका माध्यमिक विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम संचालन गरिएको ।
- जलजला गाउँपालिकाका ९ वटै वडाहरुका टोल विकास संस्थाहरूलाई २८,६४,०२३ विरुवा वितरण गरी ६९,१८१ के.जी. प्याज उत्पादन गरिएको ।
- विपद प्रतिकार्य योजना तयार पारिएको ।
- छिमेकी जिल्लाका पालिकासंग विपद्जन्य जोखिम लगायत साझा बिषयमा समन्वय गोष्ठी आयोजना गरिएको।
- गाउँपालिकाका सवै टोलहरुमा प्रत्यक दुई महिनामा नसर्ने रोगको स्वास्थ्य शिविर संचालन गरिएको । साथै, टोलमा आई सेवा लिन नस्कनेलाई घरमै पुगी जाँच तथा उपचार गर्ने गरिएको ।
- गर्भवती महिला, बृद्ध, लक्ष्यित बर्ग, र अपाङ्गलाई निशुल्क एम्बुलेन्स सेवा संचालन गरिएको ।
- प्रत्येक महिनाको एकपटक गाउँपालिकाका हरेक बिद्यालयमा स्वास्थ्यकर्मी मार्फत व्यावहारिक बिद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्ने गरिएको।

- प्लाष्टिक र अन्य कम्सल प्रत्यक्ष स्वास्थयमा असर गर्ने मदिरा तथा मदिराजन्य पदार्थको गाउँपालिका क्षेत्रभित्र बेचविखन तथा सेवन बन्द गरिएको । (उक्त कार्यका लागि सम्पुर्ण वडामा शिविर संचालन गरिएको र अबैध रुपमा बेचबिखन गरीरएका मदिरालाई संकलन गरी नष्ट गरिएको)
- एकल महिला जीविकोपार्जनका लागि वीउँपुजी वितरण गरिएको ।
- गाउँपालिकाका ७० बर्ष माथिका जेष्ठ नागरिकलाई तिर्थ यात्रा कार्यक्रम संचालन गरिएको ।
- गाउँपालिकामा छुट्टै सचिवालय संचालन गरी निःशुल्क हटलाईन नंम्बर (नागरिकका गुनासो तथा सुझाव संकलन, एम्बुलेन्स सेवा) संचालन गरिएको।
- स्रोत साधनको कमी हुनु ।
- जनअपेक्षा वढी हुनु ।
- आधार विनाका मुद्दा मामिला धेरै पर्नु ।
- गाउँपालिकाको आन्तरिक आय (कालीगण्डकी नदीमा) ढुङ्गा, गिटी तथा बालुवामा खेपिरहेको मुद्दाको कारण विगत ४ वर्षदेखि परिचालन गर्न नपाएका कारण करोडौको आम्दानी नोक्सान भएको ।
- कार्यापालिकामा जनप्रतिनिधिको बहुमत/अल्पमतका कारण हुने झगडा, खिचातानीका कारण नियमित रुपमा संचालन हुने काम कर्तव्यमा असर पुग्नु।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको विभिन्न किस्ता कटौती भएर आउँदा कार्य सम्पन्न भईसकेका योजनाको भुक्तानीको समस्या ।
- गाउँपालिका मार्फत संचालनहुने विभिन्न योजना निर्माण कम्पनीको ढिला सुस्तीका कारण समयमै समपन्न हुन नसक्नु ।

झ) म्याग्दे गाउँपालिकाः

- प्रशासकीय भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाह शुरू।
- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन,
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनमा म्याग्दे गाउँपालिका गण्डकी प्रदेश प्रथम ।
- जेष्ठ नागरिकका लागि आँखा शिविर सञ्चालन
- कृषि बजारीकरण र मूल्य श्रृङ्खला बृद्धिका लागि कोल्ड स्टोर सञ्चालन
- डिजिटल भिलेज प्रोफायल निर्माण
- आर्थिक विपन्न वर्गलाई नमुना आवास कार्यक्रम
- सभाहल निर्माण तथा सञ्चालन
- अस्पताल निर्माण कार्य सम्पन्न
- प्रमुख पर्यटकीय स्थल सहित गाउँपालिकाको वृत्तचित्र निर्माण गरिएको
- डिजिटल परियचपत्र वितरण
- ४० प्रतिशत अनुदानमा विद्यालय बस सञ्चालन
- ग्रामीण भिडियो एक्सरे सेवा सञ्चालन
- नेपालमा नै हलगोरु पोषण अनुदान प्रदान गर्ने पहिलो पालिका
- लम्पी स्किनको प्रभावकारी उपचार

ञ) शहीदलखन गाउँपालिकाः

- ग्रामीण अल्ट्रा साउण्डको शुरूवातगरी गर्भवती जाँच
- ८ प्रकारका दिर्घ रोगी, महिला स्वयमसेवक तथा बीमा सहजकर्तालाई स्वास्थ्य बीमामा अनुदान
- सुत्केरी तथा गर्भवतीहरुको लागि निःशुल्क एम्बुलेन् सेवा
- VIA परिक्षण
- जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम

- कृषि ल्याबको स्थापना र सञ्चालन
- किसान चौतारी नामको कृषि एपको निर्माण र सञ्चालन
- कृषि सिकाइ केन्द्रको स्थापना र सञ्चालन
- उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम
- आवासीय विद्यालय कार्यक्रमः कम विद्यार्थी संख्या भएका विद्यालय समायोजन गरी केन्द्रिकृत विद्यालयक निर्माणका लागि आवासको व्यवस्थापन
- कार्यसम्पादन सम्झौता
- नियमित रुपमा सार्वजनिक सुनुवाइ तथा मासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन र स्वतः प्रकासनको प्रकासन
- इ हाजिरी प्रणालीको प्रयोग
- कार्य सम्पादनमा उत्कृष्ट वडालाई प्रोत्साहन (टुक्रे योजना नियन्त्रण, समयमा योजना कार्यान्वयन, अनावश्यक रकमान्तर नियन्त्रण, बेरुजु फछ्र्यौटमा जिम्मेवार तथा वडा कार्यालयको सुव्यवस्थापन

  सूचकहरुः
    - योजनाको छनौटः १०
    - योजनाको सम्झौताः २०
    - योजनाको भुक्तानीः २०
    - रकमान्तरः ५
    - बेरुजुको अवस्थाः १०
    - वडा कार्यालयको स्वमूल्याङ्कनः १५
    - जम्मा १०० अंक

- सर्वोत्कृष्ट वडालाई रु ५ लाख थप अनुदान जून अनुदान एउटा योजनामा खर्च गर्न पाउने । आर्थिक वर्ष २०८०।०८१ मा वडा नं ७ उत्कृष्ट भई उक्त प्रोत्साहन प्राप्त गरेको ।

**भाग ३**

# समस्या र सुझाव

## ३.१ समस्याहरू

| | **समस्याहरूः** |
|---|---|
| पोखरा महानगरपालिका | • तीन तहका सरकारबीच भएको साझा क्षेत्राधिकारमा समन्वयको अभाव,<br>• तीन तहका सरकारका बिच बाझिएका कानुन,<br>• संघीय निजामति सेवा ऐन को अभावमा कर्मचारी व्यवस्थापन- सरुवा, बढुवा, वृत्तिपथ अनिश्चित<br>• कार्यपालिकाको अवैधानिक निर्णय,<br>• चरम राजनैतिक हस्तक्षेप ,<br>• असुरक्षित कार्य वातावरण,<br>• कर्मचारी क्षमता विकास तथा उत्प्रेरणाको अभाव,<br>• गैर बजेटरी खर्च,<br>• संघीय सरकार वित्तिय हस्तान्तरण अनुदानमा थपघट,<br>• सार्वजनिक जग्गा अतिक्रमण ,<br>• मापदण्ड विपरित घर निर्माण,<br>• फोहोरमैला व्यबस्थापन कार्य जटिल र चुनौतिपूर्ण रहेको,<br>• सहकारीहरुमा वित्तीय अनुशासनहिनता । |
| बेशीसहर नगरपालिका | • जग्गा प्राप्ति हुन नसक्दा नगरपालिकाको प्रशासकीय भवन निर्माण हुन नसकेको । |

| | समस्याहरू: |
|---|---|
| | • लागत रकम अनुसार श्रोत विनियोजन गर्न नसकिएको ।<br>• ढुंगा गिटी बालुवाको राजश्व संकलनमा कानूनी लगायत विविध कठिनाई रहेको ।<br>• जनप्रतिनिधि तथा कर्मचारीहरुको विषयगत विज्ञताको कमी ।<br>• कानून निर्माण प्रक्रिया, विद्यमान कानूनहरुको संशोधन तथा निर्माण भएका कानूनहरुको व्यवस्थापनमा समस्या ।<br>• तीन तहका सरकारी निकायहरु विच न्यून समन्वय<br>• वित्तीय स्रोतहरुको अनिश्चितता<br>• शिक्षा क्षेत्रमा संघीय र स्थानीय कानून विच मेल नखानु ।<br>• बेरुजु फछ्यौंटमा समस्या<br>• अख्तियारमा दु:ख दिने नियतले परेका उजुरीहरुको जवाफ दिंदा दिंदा प्राथमिकताको काम गर्न नपाउनु । निरुत्साहित हुनुपर्ने । |
| गल्कोट नगरपालिका | • पर्याप्त र सुविधासम्पन्न भौतिक पुर्वाधारको विकास भैनसकेको ।<br>• राजस्व संकलनका लागि दायरा बृद्धि गर्न नसक्दा संघीय अनुदानमा भर पर्नुपर्ने अवस्था ।<br>• स्वीकृत भएका सबै कार्यक्रम प्रर्याप्त जनशक्ति नहुंदा कार्यान्वयन गर्न नसिकएको ।<br>• विच विचमा कर्मचारी सरुवा हुंदा कार्यमसम्पादनमा समस्या ।<br>• संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम घट्दै जांदा समग्र कार्यप्रणालीमा असर ।<br>• निर्माण व्यवसायीको ढिलासुस्तीको कारण प्रशासकीय भवन तोकिएको समयमा निर्माण हुने सम्भावना कम हुंदै गएको। |
| अन्नपूर्ण गाउँपालिका | • गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नभएको<br>• निर्माण सम्पन्न भएको १५ शैया अस्पताल सञ्चालनमा ल्याउन |

| | समस्याहरू: |
|---|---|
| | नसकिएको<br>• संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकम समयमै नआउनु साथै तोकिए बमोजिमको रकम प्राप्त नहुनु<br>• आर्थिक वर्षको अन्तिममा रकम प्राप्त हुने हुदा कार्यक्रम कार्यान्वयनमा समस्या<br>• विद्यालयहरुमा तहगत / विषयगत दरवन्दीको शिक्षकको अभाव<br>• बिभिन्न कार्यक्रमहरुमा तोकिएका कर्मचारिहरुको तलब सुबिधा कटौती साथै कर्मचारीको संख्यामा समेत कटौती कारण काम काजमा समस्या<br>• जनघनत्व अनुसार स्वास्थ्य संस्था स्थापना हुन नसकेको ।<br>• त्रुटिपुर्ण अनलाईन प्रणालिः DHIS-2, EHIRRS ।<br>• औषधीजन्य सामाग्रीहरु धुलाइमा झन्झटिलो कानुनी प्रकृया ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना कार्यान्वयनमा समस्या ।<br>• दिवा खाजा कार्यक्रमको रकम कटौती हुदा समस्या ।<br>• संघ र प्रदेश सरकारबाट सञ्चालित योजनाहरुमा आवश्यक समन्वयको अभाव । |
| अर्जुनचौपारी गाउँपालिका | ▪ आन्तरिक स्रोत/आय कम हुनु<br>▪ भौगोलिक जटिलता (छरिएको वस्ती)<br>▪ बढ्दो बसाईसराई |
| लो-घेकर दामोदरकुण्ड गाउँपालिका | • भौगोलिक कठिनाईले गर्दा सोचे अनुरुप अनुगमनको पाटो प्रभावकारी नभएको।<br>• भौगोलिक कठिनाई तथा चिसो मौसमको कारण योजनाहरु समयमै गरिन नसक्नु |

| | समस्याहरू: |
|---|---|
| | • थोरै समयमा धेरै योजनाहरु समापन गर्नु पर्ने भएकोले प्रभावकारी रुपमा योजना हरु समापन गर्न असहज भएको।<br>• बहुबर्षीय ठेक्का घिलिङ स्कुल छात्रबास निर्माण योजनाहरुको मन्त्रालयबाट रकम उपलब्ध नभएकोले कार्य सम्पन्न अनुसार भुक्तानी दिन नसकेको कारणले समयमा कार्य सम्पन्न नभएर पटक पटक म्याद थप्नु परेको,<br>• बहुबर्षिय ठेक्कामा निर्माँणाधीन ५शैयाको हस्पिटल विल्डिङ्गको रनिङ बिल अनुसार संघीय मामिला मन्त्रालयबाट रकम उपलब्ध नभएकोले कार्यान्वयनमा ढिलासुस्ती भएको। |
| जलजला गाउँपालिका | • स्रोत साधनको कमी हुनु ।<br>• जनअपेक्षा वढी हुनु ।<br>• आधार विनाका मुद्दा मामिला धेरै पर्नु ।<br>• गाउँपालिकाको आन्तरिक आय (कालीगण्डकी नदीमा) ढुङ्गा, गिटी तथा बालुवामा खेपिरहेको मुद्दाको कारण विगत ४ वर्षदेखि परिचालन गर्न नपाएका कारण करोडौको आम्दानी नोक्सान भएको ।<br>• कार्यपालिकामा जनप्रतिनिधिको बहुमत/अल्पमतका कारण हुने झगडा, खिचातानीका कारण नियमित रुपमा संचालन हुने काम कर्तव्यमा असर पुग्नु।<br>• संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको विभिन्न किस्ता कटौती भएर आउँदा कार्य सम्पन्न भईसकेका योजनाको भुक्तानीको समस्या ।<br>• गाउँपालिका मार्फत संचालनहुने विभिन्न योजना निर्माण कम्पनीको ढिला सुस्तीका कारण समयमै समपन्न हुन नसक्नु । |

| | समस्याहरू: |
|---|---|
| म्याग्दे गाउँपालिका | • घटना दर्ता कानुनका कठोर शंशोधन प्रावधान सँगै युवा तथा विद्यार्थी तहमा समस्या र असन्तुष्टी<br>• अनावश्यक तथ्यहिन झुठा उजुरी सँगै कर्मचारी तहमा अख्तियारको डर र आतङ्क ।<br>• टुक्रे योजना, वितरणमुखी वजेट वढ्दोसँगै नियन्त्रणमा कठिनाई ( जस्तै असाध्य रोग आर्थिक सहायता, विपद सहायता, खेलकुद, युवाक्लव सहायता, कार्यक्रम खर्च सहायता, विज्ञापन सूचना आफै राख्ने रकम माग्ने र वडा स्तरका ५० हजार सम्मका धेरै योजना)<br>• मनसुनजन्य विपद्का घर निर्माण रकम मध्ये प्रथम र दोश्रो किस्ता पाउने तर तेश्रो नपाउँदा अलपत्र नागरिकमा चरम असन्तुष्टी<br>• नागरिकमा कर तिर्न नपरे हुन्थ्यो भन्ने भावना तर गाउँपालिकावाट सहयोग र सहायता अपेक्षा गर्ने ।<br>• कोल्डस्टोर सञ्चालन र १० शैया अस्पताल सञ्चालनमा ठुलो आर्थिक भार परेको ।<br>• स्वीकृत वजेट पनि संघ र प्रदेश सरकारबाट कटौती । |
| शहीदलखन गाउँपालिका | • तीव्र बसाईँसराइः आर्थिक वर्ष २०८०।०८१ मा गएकोः २५८ र सरिआएकोः ५८<br>• सीमित स्रोत साधन तथा आत्मनिर्भरताको आवश्यकता<br>• मानसिक रोग तथा अन्य नसर्ने रोगमा वृद्धि<br>• दक्ष जनशक्तिको अभाव<br>• बढ्दो विपद जोखिम<br>• कर्मचारी अभाव, तवबी प्रतिवेदन पारितमा समस्या<br>• सामाजिक विभेद तथा कुरितिहरु |

| | समस्याहरू: |
|---|---|
| | • निर्माण व्यवसायीहरुको ढिलासुस्ती<br>• संघ प्रदेशबाट प्रतिवद्धता बमोजिमको अनुदान प्राप्त नहुनु |

## ३.२ सुझावहरू

| | |
|---|---|
| बेशीसहर नगरपालिका | • ढुंगा गिटी बालुवामा कानून संशोधन तथा प्रदेशको भूमिका बढाउनु पर्ने ।<br>• तीन तहका सरकारी निकायहरु विच समन्वय संयन्त्र निर्माण गरिनुपर्ने ।<br>• स्थानीय तहले जग्गा प्राप्ति गर्ने कुरामा प्रदेशबाट सहयोग र समन्वय हुनुपर्ने ।<br>• कानून निर्माण र संशोधनको लागि प्रदेशबाट सहयोग पाउनुपर्ने<br>• स्थानीय तहलाई प्रदान गरिने श्रोतको सीमा बढाउनु पर्ने ।<br>• तीन तहले नै कानून बनाउने हुँदा कतिपय अवस्थामा दुविधा उत्पन्न हुने हुँदा यस बारेमा मनन् गर्नुपर्ने । |
| बेनी नगरपालिका | • नवीन तथा उदाहरणीय कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन पक्षलाई समेत विचार गर्ने तथा आवश्यक पूर्व तयारी गर्ने,<br>• नवीन कार्यको थालनी गर्दा जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाहरुबीच पर्याप्त सञ्चार आवश्यक हुने,<br>• कार्यक्रमहरुको प्रभावकारिता मूल्याङ्कन तथा समीक्षा गरी exit गर्ने वा continue गर्ने वा expand गर्ने भन्ने विषयको निक्यौंल समयमै गर्ने,<br>• नवीन र उदाहरणीय कार्यहरु गर्दा सम्भव भएसम्म मौजुदा कानून, जनशक्ति र कार्यप्रणालीबाट सम्पादन गर्ने गराउने,<br>• कार्यान्वयन संयन्त्रलाई थप सिर्जनात्मक, उत्प्रेरित र उच्च मनोवलयुक्त बनाउने र स्पष्ट जिम्मेवारी किटान गरी कार्यक्रम कार्यान्वयनमा लैजाने,<br>• छिमेकी स्थानीय तहहरुसँग निरन्तर संवाद गर्ने तथा समन्वय बैठकहरु आयोजना गर्ने. |

**अनुसूची-१**

**कार्यक्रमको कार्यसूची**

# स्थानीय तहका असल अभ्यास आदान प्रदान कार्यक्रम

२०८१/०६/११ गतेः  सहभागीहरुको आगमन

स्थानः टेम्पल ट्रि रिसोर्ट, पोखरा

कार्यक्रम संचालनः उपसचिव टिकाराम पौडेल

| २०८१ असोज ११ गतेको कार्यक्रम | समय |
|---|---|
| बिहानीको खाजा | बिहान ९:३० – १०:३० |
| कार्यक्रम हलमा प्रवेश | बिहान १०:३० |
| <u>**उद्घाटन सत्र**</u><br><br>**आसन ग्रहण**<br><br>१. अध्यक्षता- गण्डकी प्रदेश सरकारका का.मु.प्रमुख सचिव श्रीमान् रघुराम विष्टज्यू<br>२. प्रमुख अतिथि — गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू<br>३. विशिष्ट अतिथि — नेपाल सरकारका मुख्य सचिव श्रीमान् एकनारायण अर्यालज्यू<br>४. नगरप्रमुखज्यूहरु —<br>गल्कोट न.पा. — श्री भरत शर्माज्यू<br>वेशिसहर न.पा. — श्री गुमानसिं अर्यालज्यू,<br>बेनी न.पा. — श्री सुरत के.सी.ज्यू,<br>कावासोती न.पा. — श्री विष्णु प्रसाद भुषालज्यू | १०:०० — ११:०० |

| | |
|---|---|
| ५. अध्यक्षज्यूहरु —<br>शहिदलखन गा.पा. — श्री रमेश बाबु थापा मगरज्यू<br>म्याग्दे गा.पा. — श्री श्रीप्रसाद श्रेष्ठज्यू<br>अर्जुनचौपारी गा.पा. — श्री प्रकाश तिवारीज्यू<br>चामे गा.पा. — श्री लोकेन्द्र बहादुर घलेज्यू<br>लो-घेकर दामोदरकुण्ड गा.पा. — श्री लोप्साङ छोम्पेल विष्टज्यू<br>जलजला गा.पा. — श्री राजु प्रसाद आचार्यज्यू<br>अन्नपूर्ण गा.पा. — श्री विष्णु बहादुर के.सी.ज्यू<br>६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका , प्रदेश सचिवज्यूहरु<br>७. प्रवक्ता ललितपुर महानगरपालिका श्री राजु महर्जनज्यू<br>८. उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मन्त्रालय,<br>९. नि.प्रमुख प्रशासकिय अधिकृत, पोखरा महानगरपालिका<br>१०. प्रमुख कोष नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय, श्री किशोर कुमार श्रेष्ठ<br>११. प्रतिनिधि ललितपुर महानगरपालिका<br>१२. प्रमुख प्रशासकीय अधिकृत गल्कोट न.पा. , वेशिसहर न.पा., बेनी न.पा., कावासोती न.पा. शहिदलखन गा.पा., म्याग्दे गा.पा., अर्जुनचौपारी गा.पा., चामे गा.पा., लो-घेकर दामोदरकुण्ड गा.पा., जलजला गा.पा., अन्नपूर्ण गा.पा.,<br>१३.मुख्यमन्त्री कार्यालयका उपस्थित कर्मचारी | |
| राष्ट्रिय गान - सामूहिक | |
| समुद्घाटन<br>माननीय मुख्यमन्त्रीज्यूबाट पानसमा वत्ति बालेर | |

| | |
|---|---|
| स्वागत मन्तव्य एवं कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नेः श्री केशवराज ढकाल, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| **स्थानीय तहबाट असल अभ्यास आदान प्रदान सम्बन्धमा प्रस्तुतीकरण**<br>१. ललितपुर म.न.पा.,<br>२. पोखरा म.न.पा,<br>३. गल्कोट, बेनी, कावासोती, वेशीसहर न.पा. | ११:००- १२:०० |
| चिया ब्रेक | १२:००-१२:३० |
| **प्रस्तुतीकरण क्रमश,**<br>शहिदलखन, अर्जुनचौपारी, अन्नपूर्ण, जलजला, म्याग्दे, लो-घेकर, चामे गा.पा. | १२:३०-१:५० |
| **छलफल तथा अन्तरक्रिया** | १:५० — २:३० |
| समापन | |
| **मन्तव्य-**<br>• श्रीमान् मुख्य सचिव<br>• माननीय मुख्यमन्त्री<br>• श्रीमान् का.मु. प्रमुख सचिवज्यूबाट कार्यक्रमको समापन | २:३० — ३:०० |
| **खाना** | ३:०० |

# अनुसूची-२

## कार्यक्रमका सहभागिहरूको उपस्थिति

मिति २०८१ साल असोज ११ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू र नेपाल सरकारका मुख्य सचिव श्रीमान् एकनारायण अर्यालज्यूको समुपस्थितिमा स्थानीय तहका असल अभ्यास आदान प्रदान कार्यक्रम निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो ।

| क.सं. | नाम थर | दर्जा/पद र कार्यरत निकाय | हस्ताक्षर |
|---|---|---|---|
| १ | माननीय सुरेन्द्रराज पाण्डे | माननीय मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार | |
| २ | श्रीमान् एकनारायण अर्याल | मुख्य सचिव, नेपाल सरकार | |
| ३ | श्रीमान् रघुराम विष्ट | का.मु. प्रमुख सचिव, गण्डकी प्रदेश सरकार | |
| ४ | श्री भरत शर्मा | नगरप्रमुख, गल्कोट नगरपालिका | |
| ५ | श्री गुमान सिंह अर्याल | नगरप्रमुख, वेशिसहर नगरपालिका | |
| ६. | श्री सुरत के.सी. | नगरप्रमुख, बेनी नगरपालिका | |
| ७ | श्री विष्णु प्रसाद भुषाल | नगरप्रमुख, कावासोती नगरपालिका | |
| ८ | श्री रमेश बाबु थापा मगर | अध्यक्ष, शहिदलखन गाउँपालिका | |
| ९ | श्री श्रीप्रसाद श्रेष्ठ | अध्यक्ष, म्याग्दे गाउँपालिका | |
| १० | श्री प्रकाश तिवारी | अध्यक्ष, अर्जुनचौपारी गाउँपालिका | |
| ११ | श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष, चामे गाउँपालिका | |
| १२ | श्री ~~ओम्प्रसाद ओम्पेल विष्ट~~ छिरिङ ल्हामो गुरुङ | उपाध्यक्ष, लो-घेकर दामोदरकुण्ड गाउँपालिका | |
| १३ | श्री राजु प्रसाद आचार्य | अध्यक्ष, जलजला गाउँपालिका | |
| १४ | श्री विष्णु बहादुर के.सी. | अध्यक्ष, अन्नपूर्ण गाउँपालिका | |
| १५ | श्री धर्मराज कुँइकेल | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १६ | श्री बाबुराम गौतम | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १७ | श्री केशवराज ढकाल | प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १८ | श्री राजु महर्जन | प्रवक्ता, ललितपुर महानगरपालिका | |

| क्र.सं. | नाम थर | दर्जा/पद र कार्यरत निकाय | हस्ताक्षर |
|---|---|---|---|
| १९ | श्री रेशमलाल कडेल | उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मन्त्रालय | |
| २० | श्री जयराम पौडेल ११९ | नि.प्रमुख प्रशासकिय अधिकृत, पोखरा महानगरपालिका | |
| २१ | श्री किशोर कुमार श्रेष्ठ | ~~प्रमुख कोष~~ प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | |
| २२ | श्री | प्रतिनिधि, ललितपुर महानगरपालिका | |
| २३ | श्री टिकाराम पौडेल | उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २४ | श्री रुद्र नारायण थापक्षेत्री | प्रमुख प्रशासकीय अधिकृत, गल्कोट नगरपालिका | |
| २५ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| २६ | श्री चेतनाथ अर्याल | प्रमुख प्रशासकीय अधिकृत, बेशिसहर नगरपालिका | |
| २७ | श्री | प्रमुख प्रशासकीय अधिकृत, कावासोती नगरपालिका | |
| २८ | श्री बाबुराम भट्ट | प्रमुख प्रशासकीय अधिकृत, शहिदलखन गाउँपालिका | |
| २९ | श्री आकाश गुरुङ | ~~प्रमुख प्रशासकीय अधिकृत~~, म्याग्दे गाउँपालिका सूचना प्रविधि अधिकृत | |
| ३० | श्री कौशल पाण्डे | प्रमुख प्रशासकीय अधिकृत, अर्जुनचौपारी गाउँपालिका | |
| ३१ | श्री | प्रमुख प्रशासकीय अधिकृत, चामे गाउँपालिका | |
| ३२ | श्री विशाल भण्डारी | प्रमुख प्रशासकीय अधिकृत, लो-घेकर दामोदरकुण्ड गाउँपालिका | |
| ३३ | श्री अनुप पौडेल | नि.प्रमुख प्रशासकीय अधिकृत, जलजला गाउँपालिका | |
| ३४ | श्री विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत, अन्नपुर्ण गाउँपालिका | |

| क्र.सं. | नाम थर | दर्जा/पद र कार्यरत निकाय | हस्ताक्षर |
|---|---|---|---|
| ३५ | महेन्द्र पोखरेल | कार्यक्रम अधिकृत [illegible] गा.पा. | |
| ३६ | अशोक कुमार सुनार | [illegible] पो.म.न.पा. | |
| ३७ | [illegible] | शा.अ. गृह मन्त्रालय ([illegible]) | |
| ३८ | विवेक घिमिरे | अन्नपूर्ण गा.पा. कास्की | |
| ३९ | पार्वती लामिछाने | मुख्यमन्त्री तथा म.प. को कार्यालय, गण्डकी प्रदेश | |
| ४० | [illegible] पौडेल | OCMCM | |
| ४१ | [illegible] | प्रेस संयोजक, मा. मुख्यमन्त्री | |
| ४२ | केदार [illegible] | मु.म.का. गण्डकी प्रदेश | |
| ४३ | विक्रम अधिकारी | स्वकीय सचिव मा. मुख्यमन्त्री ज्यू. | |
| ४४ | तेज बहादुर गुरुङ | उपसचिव OCMCM | |
| ४५ | दिपक सुनार | मिडिया कोअर्डिनेटर गृह मन्त्रालय | |
| ४६ | गोविन्द प्र. गैरे | प्रधानमन्त्री कार्यालय काठमाडौं | |
| ४७ | विनोद [illegible] | अर्जुनचौपारी गा.पा. | |
| ४८ | जानकी देवी शर्मा | शा.अ. मु.म.का. | |
| ४९ | [illegible] शर्मा | नासु मु.म.का. | |
| ५० | वीरेन्द्र पराजुली | GCE/TL | |
| ५१ | सज्जन [illegible] | का.अ., मु.म.त.म.प.का. | |

## अनुसूची-३

# कार्यक्रमको झलकहरू








स्थानीय तहका असल
अभ्यास आदानप्रदान कार्यक्रम
आयोजक
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल
मिति : २०८१ असोज ११ गते
स्थान : पोखरा, कास्की




आयोजक
गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय




स्थानीय तहका असल
अभ्यास आदानप्रदान कार्यक्रम
आयोजक


आयोजक
गण्डकी प्रदेश सरकार


स्थानीय तहका असल
अभ्यास आदानप्रदान कार्यक्रम
आयोजक
गण्डकी प्रदेश सरकार


स्थानीय तहका असल
अभ्यास आदानप्रदान कार्यक्रम
आयोजक
गण्डकी प्रदेश सरकार
मिति : २०८१ असोज ११ गते
स्थान : पोखरा, कास्की


स्थानीय तहका असल
अभ्यास आदानप्रदान कार्यक्रम
आयोजक
गण्डकी प्रदेश सरकार
मिति : २०८१ असोज ११ गते
स्थान : पोखरा, कास्की